# मुक्तिनाथ लघु व्यवसायी दिवस

## २०७०

## कार्यक्रम बुलेटिन

मुक्तिनाथ विकास बैंक लि.को आयोजना तथा फर्स्ट माईक्रोफाईनान्स डेभलपमेण्ट बैंक लि. र एस.वि.एफ.आई.सी.को प्राविधिक सहयोगमा २०७० मार्ग १० गते एक दिने लघु व्यवसायी दिवस मनाउने कार्य सफलतापूर्वक सम्पन्न भएको छ। सो कार्यक्रम मुक्तिनाथ विकास बैंकका अध्यक्ष श्री मीन प्रसाद गुरुङ्गको सभापतित्वमा सञ्चालन भएको थियो।

मुक्तिनाथ विकास बैंकका सहायक महाप्रबन्धक श्री तिल बहादुर गुरुङ्गले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको सफलताको शुभकामना दिनुभएको थियो।

सो कार्यक्रममा पोखरा आसपास क्षेत्रमा रहनुभएका लघुव्यवसायीहरू मध्येबाट छनौटमा पर्नुभएका बैंकका ५० जना सफल लघु व्यवसायीहरुको सक्रिय सहभागिता रहेको



थियो। सहभागी व्यवसायीहरू मध्येबाट छोरेपाटनकी श्रीमती गीता खड्का, अर्घौं (कालिका) की श्रीमती सावित्री भुजेल, गगनगौंडाकी श्रीमती अञ्जु भण्डारी (भरतपोखरी) लगायतले आ-आफ्नो व्यवसाय सफलताको कथा सुनाउनुभएको थियो।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्दै फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट लि. का प्रमुख कार्यकारी अधिकृत श्री नुमनाथ पौडेलले पूँजी, सीप र साहसको समिश्रणबाट नै व्यवसायीहरूले आफ्नो व्यवसाय सफलतापूर्वक सञ्चालन गर्न सकिने बताउनुभयो। एस.बि.एफ.आई.सि.का श्री हर्मन रूनेले मन्तव्यको क्रममा यस किसिमको कार्यक्रम आयोजना गरेर व्यवसायीहरूलाई अनुभवको आदान-प्रदान गर्ने अवसर प्रदान गरेकोमा धन्यवाद दिँदै आगामी दिनमा पनि बैंकले यस प्रकारका कार्यक्रमहरू गर्नेछ भन्ने अपेक्षा समेत राख्नुभएको थियो। यसैगरी कार्यक्रमको अध्यक्षता गर्नु भएका मुक्तिनाथ विकास बैंकका अध्यक्ष श्री मीन प्रसाद गुरूङले आर्थिक रूपमा दिदीबहिनीहरूलाई सफल बनाउनमा मुक्तिनाथ विकास बैंकले जुन भूमिका खेलेको छ यसलाई अझ व्यापक रूपमा विस्तार गर्दै सदस्य दिदीबहिनीहरूको व्यवसायिकता र आर्थिक उन्नतिमा सहयोग पुर्‍याउनमा अझ बढी कटिबद्ध रहने कुरामा जोड दिनुभएको थियो।

उद्घाटन पश्चात् कार्यक्रमलाई तीन वटा व्यवसायिक सत्रहरूमा विभाजन गरी सहभागीहरू बीच अन्तर्क्रिया गरिएको थियो।

**क. व्यवसायिक योजना** : यस सत्रमा भूमिका अभिनयको माध्यमद्वारा सहभागीहरुलाई व्यवसाय योजना




भनेको के हो र यसको महत्त्वको बारेमा जानकारी गराइएको थियो। साथै सहभागीहरूबाटै एउटा नमूना व्यवसायको व्यवसाय योजना बनाउने अभ्यास गराइएको थियो।

**ख. बजारीकरण** : व्यवसाय सञ्चालन गर्दा बजारीकरणको आवश्यकता र महत्त्व दर्शाउन केश स्टडीको माध्यमद्वारा सहभागीहरूलाई सहजीकरण गरिएको थियो। यस सत्रमा सहभागीहरुलाई आफ्नो व्यवसाय विस्तारको लागि अपनाउनुपर्ने बजारीकरणका तवर तरिका बारेमा विस्तृत छलफल गराइएको थियो।

**ग. आय व्यय लेखाजोखा** : कतिपय व्यापार व्यवसायमा आफ्नो आय व्ययको हिसाव किताव नराखेको परिप्रेक्ष्यमा सहभागीहरुलाई व्यवसाय सञ्चालन गर्दा विभिन्न शीर्षकमा लाग्ने खर्चहरुको बारेमा चेतना अभिवृद्धि गर्ने कार्य गरिएको थियो। साथै व्यवसाय सञ्चालन गर्दा भएको आम्दानी र खर्चलाई व्यवस्थित रुपमा गणना गरी अभिलेखिकरण गर्ने अभ्यास गराइएको थियो।

कार्यक्रमको समापनमा सहभागीहरुबाट कार्यक्रमको प्रभावकारिता बारेमा पृष्ठपोषण लिइएको थियो भने सहभागीहरू मध्येबाट गोलाप्रथाद्वारा छनौटमा परेका तीन जना व्यवसायीहरुको व्यवसाय अवलोकन र थप सुझाव प्रदान गर्ने प्रतिवद्धता आयोजकबाट गरिएको थियो।



# आयोजक संस्थाहरुको परिचय

## १. मुक्तिनाथ विकास बैंक लि.

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

मुक्तिनाथ विकास बैंक नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त "ख" वर्गको वित्तीय संस्था हो । यस बैंकको स्थापना २०६३ पौष १९ गते भएको थियो । स्याङ्गजा, कास्की र तनहुँ जिल्लाहरुलाई मात्र मुख्य कार्य क्षेत्र तोकी स्थापना भएको यस बैंकले हाल १० जिल्लामा (स्याङ्गजा, कास्की, तनहुँ, बाग्लुङ्ग, पर्वत, पाल्पा, गुल्मी, रुपन्देही, चितवन र नवलपरासी) कार्य गर्न स्वीकृति प्राप्त गरी कारोवार विस्तार गरिसकेको छ ।

गाउँदेखि शहरसम्म, गरिबदेखि धनीसम्म सबैलाई प्रत्यक्ष वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले शहरी, शहर उन्मूख तथा ग्रामीण क्षेत्रहरुमा शाखा कार्यालयहरु स्थापना गरी आधुनिक बैकिङ्ग, ग्रामीण बैकिङ्ग सेवाहरूको साथै लघुवित्त कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ ।

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ" भन्ने निर्देशक सिद्धान्तका साथ "गाउँ-गाउँमा लघुवित्त फैलाउँ, गरिबी र विपन्नता हटाउँ" भन्ने अभियान चाली "एकव्यक्ति एक बचत खाता, एक परिवार एक सफल व्यवसायी", "महिलाहरुको आर्थिक तथा सामाजिक विकास, गरिबी निवारणको भरपर्दो निकास", "होइन फजुल खर्च, बचत गर्नुपर्दछ", "कमाएर मात्र होइन, बचत गरेर धनी भइन्छ" जस्ता मूल मन्त्रहरुलाई आत्मसात गरी यस संस्थाले नेपाली समाज सुहाउँदो विभिन्न प्रकारका वित्तीय सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

बैंकका हाल २० वटा बैकिङ्ग कार्यालय र सो कार्यालयसँगै लघुवित्त डेस्क कार्यालयका साथै ४ वटा सीमित बैकिङ्ग र ४ वटा लघुवित्त इकाई कार्यालय गरी कुल २८ वटा कार्यालयबाट करिब ५२ हजार सदस्यलाई सेवा प्रदान गरिरहेको छ ।

## २. फर्स्ट माईक्रोफाईनान्स डेभलपमेण्ट बैंक लि.

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि.
First Microfinance Development Bank Ltd.

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेड (लघुवित्त विकास बैंक) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट इजाजत-पत्र प्राप्त राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकको रुपमा स्थापना भई, २०६६ पौष २४ गतेबाट विधिवत कार्य शुभारम्भ गरेको हो । बैंकको केन्द्रीय कार्यालय ज्ञानेश्वर काठमाण्डौमा रहेको छ । यस लघुवित्त विकास बैंकले विपन्न तथा न्यून आय भएका लक्षित वर्गलाई लघुवित्तीय साझेदार संस्थाहरु मार्फत वित्तीय सेवा खास गरि लघुकर्जा उपलब्ध गराउँदै आएको छ । यस लघुवित्त विकास बैंकले इजाजतपत्र लघुवित्त संस्थाहरु तथा ग्रामीण क्षेत्रमा कार्यरत सामुदायिक सहकारी संस्थाहरुलाई दीगो लघुवित्त सेवाका लागि थोक लघुकर्जा प्रदान गरी विपन्न तथा न्यून आय भएका लक्षित वर्गको जीविकोपार्जनमा टेवा प्रदान गर्ने तथा जीवनस्तर उकास्न सहयोग पुऱ्याउने प्रमुख उद्देश्य राखेको छ ।

लघुवित्त विकास बैंकले २०७० आश्विन मसान्त सम्म ६४ जिल्लामा कार्य क्षेत्र भएका ९५ साझेदार संस्थाहरू मार्फत् ३८ जिल्लाका लक्षित न्यून आय भएका तथा विपन्न वर्गका परिवारका ४२,१४९ ऋणी सदस्यहरुलाई आय आर्जन तथा जीविकोपार्जन गतिविधिमा लघुकर्जा मार्फत् प्रत्यक्ष टेवा पुऱ्याउन सफल भएको छ ।

## ३. एस.वि.एफ.आई.सी.

Finanzgruppe
Sparkassenstiftung für
internationale Kooperation

करिव २०० वर्ष पहिले न्यून आय भएका व्यक्तिहरुलाई बचत गराउने उद्देश्यले जर्मनीमा सेभिङ्गस बैंकहरुको स्थापना भएको थियो । केही वर्ष सम्म बचत जम्मा हुँदै गएपछि हाल नेपालमा लघुवित्त संस्थाहरुले लगानी गरे जस्तै गरी उनीहरूले पनि लघु कर्जा पनि लगानी गर्न थाले । पछि गएर ती बैंकहरुले सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गर्न थाले । हाल ती बैंकहरुले जनताको विश्वास जित्दै देश र समाजको विकासमा ठूलो टेवा पुऱ्याएका छन् ।

जर्मनीमा रहेका करिव ४०० सेभिङ्गस बैंकहरुको सामूहिक प्रयासबाट सेभिङ्गस बैंकस् फर ईन्टरनेशनल कोअपरेशन (एस.वि.एफ.आई.सी.) को स्थापना सन् १९९२ मा जर्मनीमा भएको थियो । एस.वि.एफ.आई.सी.ले हाल विश्वका ६० भन्दा बढी देशमा आफ्नो अनुभव र प्राविधिक सहयोगको माध्यमद्वारा लघुवित्त क्षेत्रको दीगो विकासमा टेवा पुऱ्याइरहेको छ ।


मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
केन्द्रीय कार्यालय, लघुवित्त विभाग
फोन/फ्याक्सः ०६१-५३८०३९, ५२४१९२
ईमेलः mfd@muktinathbank.com.np
webside: www.muktinathabank.com.np